सिगास गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः १ मितिः२०८३।०३।३२


## भाग -१

## सिगास गाउँपालिका

## सिगास गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः**

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिगास गाउँसभाको ले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “सिगास गाउँपालिकाको आर्थिक ऐन, २०८३” रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण ०१ गतेदेखि सिगास गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा,**

(क) "ऐन" भन्नाले सिगास गाउँपालिकाको आर्थिक ऐन, २०८३ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिगास गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सिगास गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने जुनसुकै व्यक्ति सम्झनु पर्दछ ।

(च) "सभा" भन्नाले सिगास गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिमघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. **घर वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्बन्धित प्रदेशले असूल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

११. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र हुने आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाँट बजार , पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) बिक्रि करः यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने, आई.ई.ई. गरेका र घाटगद्दि तोकिएका नदी खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदिमा अनुसूची १३ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल गरिनेछ ।

१६. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १४ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१७. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः**

**(१)** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा दिइएको विवरण प्रत्येक वर्ष गाउँसभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै प्रयोजनका लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर शुल्क, महशुल कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने सम्पत्ति कर

सम्पत्ति कर लागू गर्ने तयारी पूरा नभएको आ.व. २०८३/०८४ मा घर करका रुपमा लिने ।

क) न्यूनतम घर कर रु. ३०

ख) भित्ता, ढुङ्गा र काठले बनेको माटाको जोडाई भएको छाना जस्तापाता वा सिलेटले छाएको घरको प्रति वर्ष रु. ४०

ग) भित्ता ढुङ्गा र काठले बनेको सिमेन्ट प्लास्टर भएको छाना जस्तापाता वा सिलेटले छाएको घरको प्रति वर्ष रु. ५०

घ) भित्ता ढुङ्गा र काठले बनेको सिमेन्टको प्लास्टर भएको छत ढलान गरेको एकतले प्रति वर्ष रु १००, प्रति तला रु. २५ थप

- यस गाउँपालिका क्षेत्रभित्रका घर धनिले आ.व. को असार मसान्त सम्म घर कर(सम्पती कर) बुझाई सक्नुपर्ने छ। आ.व. को असार मसान्तमा नबुझाएमा प्रति बर्ष १० प्रतिशतका दरले बक्यौता रकम असुल गरिने छ।

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने भूमि कर प्रति रोपनि खेत (मालपोत)

| क्र.सं. | अब्बल | दोयम | सिम | चाहार | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु.७ | रु. ६ | रु. ५ | रु. ४.५ | |

पाखो

| क.सं. | अब्बल | दोयम | सिम | चाहार | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु.६ | रु. ५ | रु. ४.५ | रु. ४ | |
| | | | | | |

- यस गाउँपालिका क्षेत्रभित्रका जग्गा धनिले आ.व. को असार मसान्त सम्म भुमि कर(मालपोत) बुझाई सक्नुपर्ने छ। आ.व. को असार मसान्तमा नबुझाएमा प्रति बर्ष १० प्रतिशतका दरले बक्यौता रकम असुल गरिने छ।

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने घरवहाल कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहादल करको दर आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहादल रकमको १० प्रतिशत सम्म ।

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने व्यवसाय कर

| क्र.सं. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १. | चिया, नास्ता, पसल, बजार /ग्रामिण | १०००/५०० | ५००/२५० |
| २. | खोका, छाप्रा | ५०० | ३६५ |
| ३ | किराना पसल बजार/ ग्रामीण क्षेत्र | १५००/७५० | १०००/५०० |
| ४ | तरकारी फलफूल पसल बजार/ग्रामीण | १०००/५०० | २५०/१२५ |
| ५ | सिलाई पसल बजार/ ग्रामीण | १०००/५०० | ५००/२५० |
| ६ | कपडा पसल फेन्सी बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| ७ | भाँडा वर्तन पसल बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| ८ | कपडा पसल रेडिमेट बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| ९ | स्टेशनरी बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| १० | इलेक्ट्रोनिक पसल बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| ११ | कम्प्युटर पसल बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| १२ | मोबाइल ग्यालरी बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| १३ | सुनचाँदी पसल बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| १४ | सप्लायर्श/हार्डवेयर बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| १५ | फोटो स्टुडियो बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| १६ | कपाल काट्ने नाई पसल | ५०० | २५० |
| १७ | बधशाखा बजार/ग्रामीण | २०००/१००० | १०००/५०० |
| १८ | माछा बिक्री पसल बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| १९ | सिरक डसना  बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| २० | सुर्तिजन्य पसल बजार/ग्रामीण | २५००/१२५० | १५००/७५० |
| २१ | औषधी पसल बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| २२ | कृषि/पशु एग्रोभेट बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| २३ | ल्याव पसल बजार/ग्रामीण | १०००/५०० | ५००/२५० |
| २४ | मदिरा थोक | ५०००० | २०००० |
| २५ | मदिरा फुटकर | २५००० | ५००० |
| २६ | माइक्रो हाइड्रो | १५००० | ३००० |
| २७ | एफ.एम. संचालन | १५००० | ५००० |
| २८ | नेपाल सरकारको पूर्ण स्वामित्त्व रहेको बैङ्क बाहेक आर्थिक कारोबार गर्ने बैङ्क | | |
| २९ | क वर्ग | १५००० | |
| ३० | ख वर्ग | १२००० | |
| ३१ | ग वर्ग | १०००० | |

| | | | |
|---|---|---|---|
| ३२ | घ वर्ग | ८००० | |
| ३३ | सहकारी बैंक | ५००० | ३००० |
| ३४ | बिमा कम्पनी | ५००० | |
| ३५ | प्लाष्टिक भाँडा वर्तन | १००० | |
| ३६ | पेन्ट  पसल | १००० | |
| ३७ | सामान्य हार्डवेयर | १००० | |
| ३८ | घडी, टिभी,  मोबाइल मर्मत | १००० | |
| ३९ | कुखुरा बंगुर बाख्रा पालन | १००० | |
| ४० | साइन बोर्ड वा पेन्टिङ्ग पसल | १००० | |
| ४१ | फोटोकपी पसल | ५०० | |
| ४२ | कम्प्युटर इन्स्टिच्युट | २००० | |
| ४३ | संचार सेवा वा इन्टरनेट | १००० | |
| ४४ | सहकारी संस्था | ५००० | ३००० |
| ४५ | मिल | १००० | ५०० |
| ४६ | फर्म | १००० | ५०० |
| ४७ | संघ संस्था | १००० | ५०० |
| ४८ | खुद्रा पसल बजार/ ग्रामीण क्षेत्र | १०००/५०० | ५०० |
| ४९ | कस्मेटिक र श्रृङगार पसल बजार/ग्रामिण | १०००/५०० | ५०० |
| ५० | होटल एण्ड लज | २००० | १५०० |
| ५१ | होटल | १५०० | १००० |
| ५२ | आमा समुह | १००० | ५०० |
| ५३ | निर्माण व्यवसायी इजाजत पत्र “घ” वर्ग | २५००० | ५००० |
| | क. प्रतिलिपी | ५००० | |
| | ख. इजाजत पत्र संशोधन | २००० | |

- यस गाउँपालिका क्षेत्रभित्रका व्यापारीहरुले गाउँपालिकामा आफ्नो व्यवसाय दर्ता र नविकरण नगरेका व्यापारीहरुलाई व्यवसाय दर्ता र नवीकरण गर्न लगाउने कार्यका लागि निज व्यापारीहरुले विगतमा आन्तरिक राजश्व कार्यालय वा अन्य निकायमा दर्ता गरेको प्रमाणलाई आधार मानि आ.व. २०८३/०८४ को असोज महिना सम्म नविकरण गरिसक्नु पर्ने छ । तोकिएको म्याद भित्र पनि व्यवसाय कर बुझाउन नआएमा प्रति वर्ष रु. ५०० का दरले जरिवाना गर्ने ।
- व्यवसाय कर बुझाउने सम्बन्धमा व्यवसाय कर बुझाउने म्याद प्रत्येक आ.व.को असार मसान्तसम्म बुझाई सक्नुपर्नेछ ।

## अनुसूची-५
(दफा ७ सँग सम्बन्धित)

### पुनः प्रयोग हुने कवाडी  समानहरुमा लाग्ने करको दर रेट

| क्र.सं. | नाम | इकाई | दर | |
|---|---|---|---|---|
| | | | रु. | पैसा |
| १ | खाली सिसी वियर | प्रति गोटा | १ | |

| | | | | |
|---|---|---|---|---|
| २ | खाली सिसी मदिरा र अन्य (५०० एम.एल. भन्दा माथि) | प्रति गोटा | | ५० |
| ३ | खाली सिसी मदिरा र अन्य (५०० एम.एल. भन्दा तल) | प्रति गोटा | | ३० |
| ४ | प्लाष्टिक (झोला र दुधको थैला बाहेक) | प्रति के.जी. | ३ | |
| ५ | खाली बोरा | | | |
| क | १०० के.जी. खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | १ | |
| ख | ५० के.जी. खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | | ५० |
| ग | ५० के.जी. भन्दा कम खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | | ५० |
| ६ | तेलको टिन | | | |
| क | ठुलो १० लिटर भन्दा बढी अट्ने | प्रति के.जी. | १ | |
| ख | सानो १० लिटर भन्दा कम अट्ने | प्रति के.जी. | | ५० |
| ७ | हल्का पेय पदार्थ खाली सिसी | | | |
| क | ५०० एम.एल. भन्दा माथी | प्रति गोटा | | ४० |
| ख | ५०० एम.एल. भन्दा तल | प्रति गोटा | | २० |
| ८ | पुराना कागज | | | |
| क | अखबार | प्रति के.जी. | ३ | |
| ख | अन्य कागज | प्रति के.जी. | ३ | |
| ९ | धातुका कवाडी सामानहरु | | | |
| क | फलाम | प्रति के.जी. | २ | |
| ख | अन्य धातुका पित्तल तामा आदि | प्रति के.जी. | १० | |
| १० | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | ३ | |
| ११ | परालबाट बनेका पुरानो सामान वा पराल | प्रति के.जी. | | ५० |
| १२ | सिसाको धुलो वा टुक्रा | प्रति के.जी. | २ | |
| १३ | जस्तापाता | प्रति के.जी. | ५ | |
| १४ | जस्ताको धुलो | प्रति के.जी. | ५ | |
| १५ | झिण्डु (उनको टुक्रा) | प्रति के.जी. | २ | |
| १६ | पुरानो ब्याट्री | प्रति के.जी. | ५ | |
| १७ | गारमेन्टको कपडाको टुक्रा | प्रति के.जी. | २ | |
| १८ | जलेको मोविल | प्रति लिटर | २ | |
| १९ | जुट र प्लाष्टिकका पुनः प्रयोग हुन नसक्ने बोराहरु | प्रति के.जी. | १ | |
| २० | कार्पेटका टुक्राहरु | प्रति के.जी. | २ | |
| २१ | टायर ट्युब | प्रति के.जी. | २ | |
| २२ | थोत्रो टिन | प्रति के.जी. | २ | |
| २३ | पुरानो ड्रम | प्रति के.जी. | ४ | |
| २४ | पुरानो टायर ट्युव (साईकलको) | प्रति गोटा | १ | |
| २५ | कागजको झुरा | प्रति के.जी. | २ | ५० |
| २६ | प्लाष्टिकको जुत्ता, चप्पल र पुरानो प्लाष्टिक टुक्रा | प्रति के.जी. | ३ | |
| २७ | प्लाष्टिकको थैली, झिल्ली, पोलिथिन आदि | प्रति के.जी. | ३ | |
| २८ | गत्ता | प्रति के.जी. | ३ | |
| २९ | टायर | प्रति के.जी. | २ | |

| | | | | |
|---|---|---|---|---|
| ३० | टायरको बुराद | प्रति के.जी. | १ | |

| क्र.सं. | जडिबुटी/व्यवसाय | दर्ता शुल्क | वार्षिक कर |
|---|---|---|---|
| १ | जटडिबुटी (खोटो, अमला, हर्रो बर्रो, रिठो, सिस्नु, दालचिनि पत्ता, सिमजडी, ओखर, सतुवा, केरा, सुन्तला, आमिला, तिमुर, भिणेति, कुरिलो, झ्याउ, तिते, बोक्रा, च्याउँ) । | ५००० | बिक्रि मूल्यको १०% |
| २ | व्यवसाय (खसी, बाख्रा, राँगा, भैंसी, गोरु, बङ्गुर, हाँस, कुखुरा, मह, दलहन, खच्चर, माछा मार्ने जाल) | १००० | ५०० |

अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने सवारी साधन कर

| सि.नं. | सवारी साधनको प्रकार | दर्ता शुल्क | वार्षिक दर | कैफियत |
|---|---|---|---|---|
| १. | अटो रिक्सा वा विद्युतीय रिक्सा | १००० | ५०० | |

अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने विज्ञापन कर

सिगास गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने विज्ञापन कर तल उल्लेखित दरमा तर प्रदेश कानून स्वीकृत भएमा सो कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

| सि.नं. | विज्ञापनको प्रकार | करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | साईनबोर्ड प्रति बर्गफिट | ४० | |
| २ | होडिङबोर्ड बर्गफिट | ७५ | |
| ३ | गलोसाईन बोर्ड बर्गफिट | ९० | |
| ४ | व्यानर प्रति हप्ता | १०० | |
| ५ | डिजिटल बोर्ड प्रति वर्गफिट | २०० | |

नोटः नेपाल सरकार वा जनचेतनामूलक माईकिङमा विज्ञापन कर लाग्ने छैन ।

अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने मनोरञ्जन कर

सिगास गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरन्जन कर प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

अनुसूची-९

(दफा ११ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | हाट बजार मेला प्रति पसल | १०० | |

अनुसूची-१०

(दफा १२ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पार्किङ शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | ट्रक, बस, जीप लगायतका सवारी साधन (पटके दस्तुर, २४ घण्टाका लागि) | १० | |

| | | | |
|---|---|---|---|
| २ | दुई पाङ्ग्रे सवारी साधन (पटके दस्तुर, २४ घण्टाका लागि) | ५ | |

अनुसूची-११

(दफा १३ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्कको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १. | ऱ्याफ्टिङ्ग शुल्क | १०० | |

अनुसूची-१२

(दफा १४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | नाता प्रमाणित लेटर प्याडमा | १०० |
| २ | नाता प्रमाणित सार्वजनिक मुचुल्का सहित | ५०० |
| ३ | नागरिकता सिफारिस | १०० |
| ४ | नागरिकता प्रतिलिपी सिफारिस | १५० |
| ५ | बहाल करको लेखाजोखा सिफारिस | १०० |
| ६ | बन्द घर तथा कोठा खोल्ने रोहवर | २५० |
| ७ | मोही लगतकट्टाको सिफारिस | २५० |
| ८ | अशक्त, असहाय तथा अनाथ, विपन्नका लागि सिफारिस | निःशुल्क |
| ९ | बैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५००० |
| १० | आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस | २५० |
| ११ | विद्यालय ठाउँसारी गर्ने सिफारिस | ५००० |
| १२ | धारा तथा विद्युत जडानको लागि सिफारिस | ५०० |
| १३ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | २५० |
| १४ | उपभोक्ता समिति दर्ता | १००० |
| १५ | उपभोक्ता समिति नविकरण | ५०० |
| १६ | कृषि तथा पशु व्यवसाय सिफारिस | ३०० |
| १७ | न्यायिक दस्तुर | २०० |
| १८ | घरबाटो प्रमाणित | ३०० |
| | घर नक्शा पास तथा भवन निर्माण आचार संहिता २०७२ अनुसार घरको अभिलेखिकरण दस्तुर | |
| १९ | बनिसकेको घर (प्रति वर्ग फिट) | ७५ पैसा |
| २० | निर्माणाधिन घर (प्रति वर्ग फिट) | १.५ |
| २१ | नयाँ बनाउने घर (प्रति वर्ग फिट) | १.५ |
| २२ | हल भाडा प्रतिदिन | १००० |
| २३ | प्रोफाइल बिक्री | १००० |

| | | |
|---|---|---|
| २४ | बुफर भाडा | २५० |
| २५ | प्रोजेक्टर भाडा | २५० |
| २६ | एकाघर सगोल सिफारिस | २५० |
| २७ | अंशियार प्रमाणित | २५० |
| २८ | व्यक्तिगत घटना दर्ता (३५ दिन पश्चात) | २०० |
| २९ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ५०० |
| ३० | बसोबास प्रमाणित | २५० |
| ३१ | नक्सा पास किताब | ५०० |
| ३२ | नक्सा पास नामसारी | ५०० |
| ३३ | नक्सा पास प्रतिलिपी प्रमाणित | ५०० |
| ३४ | नक्सा पास सर्जमिन सूचना | २५० |
| ३५ | नक्सा पास घर प्रमाणित | १००० |
| ३६ | सहकारी सिफारिस दस्तुर | १००० |
| ३७ | विनियम संशोधन | ५०० |
| ३८ | कार्यक्रम विस्तार | १००० |
| ३९ | लेखा परिक्षण सिफारिस | ५०० |
| ४० | घर जग्गा करको लेखाजोखा | १०० |
| ४१ | जन्ममिति प्रमाणित नेपाली/अंग्रेजीमा | १००/२५० |
| ४२ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | ५०० |
| ४३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित नेपाली/अंग्रेजीमा | १००/२५० |
| ४४ | निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्न | निःशुल्क |
| ४५ | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजातलाई अंग्रेजीमा सिफारिस तथा प्रमाणित | २५० |
| ४६ | घर पाताल प्रमाणित गर्ने सिफारिस | २५० |
| ४७ | व्यक्तिगत विवरण प्रमाणित | २५० |
| ४८ | जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस | २५० |
| ४९ | कुनै व्यक्तिको नामथर जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | १०० |
| ५० | नामथर, जन्ममिति संशोधनको सिफारिस | १०० |
| ५१ | जग्गाधनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | २०० |
| ५२ | कित्ताकाट गर्ने सिफारिस | १५० |
| ५३ | संरक्षक प्रमाणित गर्ने संस्थागत र व्यक्तिगत | २००० |
| ५४ | जीवितसँगको नाता प्रमाणित | २०० |
| ५५ | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ३०० |
| ५६ | जीवित रहेको सिफारिस | २०० |

| | | |
|---|---|---|
| ५७ | हकवाला वा हकदार प्रमाणित गर्ने | २५० |
| ५८ | नामसारी गर्ने सिफारिस | २५० |
| ५९ | जग्गाको हक सम्बन्धमा सिफारिस | २५० |
| ६० | उद्योग ठाउँसारी गर्ने सिफारिस | ५०० |
| ६१ | आधारभूत विद्यालय खोल्न सिफारिस (सामुदायिक तथा संस्थागत) | १५००/५००० |
| ६२ | ५०० सम्पत्ती सम्बन्धी मूल्याङ्कन सिफारिस गर्ने प्रतिहजार (स्वदेशी र विदेशी) | प्रतिहजार ५० पैसा/ प्रतिहजार रु. १ |
| ६३ | विद्यालय कक्षा थप गर्ने सिफारिस (सामुदायिक तथा संस्थागत) | प्रति कक्षा ५००/१५०० |
| ६४ | ग्रेडसिट/मार्कसिट प्रतिलपी | ४५० |
| ६५ | सामाजिक सुरक्षा भत्ता र अपाङ्गता सम्बन्धी सिफारिस | निःशुल्क |
| ६६ | क्लव, केन्द्र, सञ्जाल दर्ता | १००० |
| ६७ | क्लव, केन्द्र, सञ्जाल नविकरण | ५०० |
| ६८ | आय स्रोत प्रमाणित | २५० |
| ६९ | सामुदायिक विद्यालय प्रमाणित | ३०० |
| ७० | योजना सम्झौता दस्तुर | ५०० |
| ७१ | चार किल्ला प्रमाणित (व्यवसायिक प्रयोजन) | १ कित्ता रु. २५० प्रति कित्ता रु. १०० थप |
| ७२ | समूह दर्ता | १००० |
| ७३ | समूह नविकरण | ५०० |
| ७४ | उल्लेखित बाहेक अन्य सिफारिस | ३०० |
| ७५ | मुचुल्का (प्रकोप बाहेक) | ५०० |
| ७६ | तमशुक प्रमाणित | २५० |
| ७७ | व्यावसाय प्रमाणत्रको प्रतिलिपि | २०० |
| ७८ | सुचि दर्ता(निर्माण कार्यको लागि) | १००० |
| ७९ | सुचि दर्ता( निर्माण कार्य वाहेक) | ५०० |
| ८० | संध संस्था दर्ता सिफारिस | ५०० |
| ८१ | घर कायम सिफारिस | २५० |
| ८२ | अंगिकृत नागरिकता प्रतिलिपि सिफारिस | ५०० |
| ८३ | छात्रवृति सिफारिस | २०० |
| ८४ | जग्गाको मूल्याङकन सिफारिस | ३०० |
| ८५ | जातिय पहिचान र जातिय सिफारिस | १०० |
| ८६ | व्यावसाय दर्ता सिफारिस | ५०० |
| ८७ | योजना सम्झौता सिफारिस | ५०० |
| ८८ | जिल्ला,प्रदेश वा संघ बाट हुने योजनाको भुक्तानि सिफारिस | २००० |
| ८९ | क,ख,ग र घ वर्गका वितीय संस्थाको वार्षिक व्यवसाय कर | ८००० |

| | | |
|---|---|---|
| ९० | उपभोक्ता समिति दर्ता प्रमाण पत्र प्रतिलिपि | २०० |

अनुसूची-१३

(दफा १५ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने नदीजन्य पदार्थको बिक्री कर

सिगास गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने नदीजन्य पदार्थको बिक्री कर प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

अनुसूची-१४

(दफा १६ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्क

सिगास गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्क प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

आज्ञाले

शंकर बहादुर बोहरा

प्रमुख प्रशासकीय अधिकृत